## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ३२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर २९ गते सोमबार ❑ 15 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## एमाले महाधिवेशनमा यस्तो हुनेछ केन्द्रीय कमिटीको संरचना

**रासस**
काठमाडौं, २८ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ महाधिवेशनबाट निर्वाचित हरेक भूगोल र क्षेत्रमा ४० वर्ष मुनिका युवालाई अनिवार्य हुने ३०१ सदस्यीय केन्द्रीय कमिटीको संरचना तय गरिएको छ।

आइतबार सुरु भएको बन्दसत्रमा पारित प्रस्तावअनुसार केन्द्रीय कमिटीमा महिला, युवा, आदिवासी-जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, श्रमिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रबाट समावेशी प्रतिनिधित्व सुनिश्चित गरिएको छ। नयाँ संरचनाअनुसार केन्द्रीय कमिटीमा १९ पदाधिकारी रहनेछन्, यसमा अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव ३ र सचिव ९ जना रहने व्यवस्था गरिएको छ। वरिष्ठ उपाध्यक्षको व्यवस्था अब रहने छैन् । प्रदेशगत प्रतिनिधित्वअन्तर्गत उपत्यकासहित सबै आठ प्रदेशबाट ७२ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । प्रत्येक प्रदेशबाट नौ जनाको प्रतिनिधित्व रहनेछ, जसमा पाँच जना खुला, तीन जना महिला र एक जना युवा रहने एमालेको महाधिवेशन प्रचार कमिटीका संयोजक पदमा अर्यालले जानकारी दिनुभयो । खुला कोटाबाट १२५ जना केन्द्रीय सदस्य चयन हुनेछन् । उक्त कोटामा ७१ जना खुला, ५२ जना महिला र दुई जना युवा समावेश गरिएका छन् । समावेशी संरचनाअन्तर्गत आदिवासी-जनजातिबाट २५ जना (खुला १५, महिला आठ, युवा २), मधेसीबाट १९ जना (खुला ११, महिला छ, युवा दुई), दलितबाट १२ जना (खुल्ला सात, महिला चार, युवा एक), थारु समुदायबाट आठ जना (खुला पाँच, महिला तीन), मुस्लिम समुदायबाट पाँच जना (खुला चार, महिला एक) प्रवासतर्फ भारतबाट एक र अन्य देशबाट एक गरी दुई जना, श्रमिकबाट तीन जना (खुला दुई, महिला एक), अपाङ्गता भएका व्यक्तिबाट एक जना, पिछडिएको क्षेत्रबाट दुई जना (खुला एक, महिला एक) सम्पर्क समन्वय कमिटीबाट दुई जना (खुला एक, महिला एक) रहने छ।

यसैगरी नयाँ निर्वाचनका लागि निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ। एमाले केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले आज साँझ सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार आज बेलुका ७:०० बजे मतदाता नामावली प्रकाशन गर्ने छ । त्यस्तै, सोमबार बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म मतदाता नामावलीउपर दाबी विरोध र सुधारको सूचना प्रकाशन गर्ने, १०:०० बजे दाबी विरोधउपचार छानबिन र निर्णय गर्ने, १०:१५ बजे अन्तिम नामावली प्रकाशन गर्ने, ९:०० बजेदेखि १२:०० बजेसम्म उम्मेदवारको दर्खास्त फाराम वितरण गर्ने कार्यतालिका रहेको छ।

त्यस्तै, बिहान १०:३० बजेदेखि १:३० बजेसम्म उम्मेदवारको दर्खास्त फाराम दर्ता गर्ने, दिउँसो २:३० बजे उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गर्ने, दिउँसो २:३० बजेदेखि ३:३० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने कार्यतालिका रहेको आयोगका अध्यक्ष डा सुब्बाले जानकारी दिनुभयो । सोमबार दिउँसो ३:१० बजे उजुरीउपर छानबिन र निर्णय गर्ने, दिउँसो ३:१० बजेदेखि ५ बजेसम्म उम्मेदवारको नाम फिर्ता गर्ने र बेलुका ६:०० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यतालिका रहेको छ। निर्वाचन कार्यतालिका अनुसार आगामी पुस १ गते ११:०० बजेदेखि बेलुका ५:०० बजेसम्म मतदान गर्ने रहेको छ । मतदानपश्चात् मतगणना हुनेछ भने निर्वाचन समितिले तोकेअनुसार निर्वाचन परिणाम घोषणा हुनेछ । त्यसपछि प्रमाणपत्र वितरण र शपथ ग्रहण हुने तय गरिएको छ। एमालेको ११औँ महाधिवेशन भक्तपुरको सल्लाघारी चौरमा शनिबार उद्घाटन भएको थियो भने आइतबार बिहानदेखि नै बन्दसत्र प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा जारी छ।

## प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माणको माग गर्दै मुख्यमन्त्रीलाई लेउवासंघको ज्ञापनपत्र

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर



लेखनाथ उद्योग वाणिज्य संघले गण्डकी प्रदेशमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण कार्यलाई प्राथमिकता दिन माग गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई ज्ञापनपत्र बुझाएको छ।

संघकी अध्यक्ष जानुका पराजुली अधिकारी सहितको संघको टोलीले आईतबार मुख्यमन्त्री पाण्डेलाई भेटी गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनामा समावेश प्रदेशस्तरीय औद्योगिकक्षेत्रनिर्माणकोहालसम्मको प्रगति विवरण सार्वजनिक गर्न अनुरोध गरेको हा । पोखरामा प्रस्तावित प्रादेशिक औद्योगिक क्षेत्रका लागि आवश्यक जग्गा प्राप्तिको काम प्रदेश सरकारले यसअघि नै गरिसकेको संघको बुझाइ छ।

संघले औद्योगिक क्षेत्र निर्माणका सम्बन्धमा हालसम्म भएका प्रयासहरू कहाँसम्म पुगेका छन् र प्रगति अवस्था के कस्तो रहेको छ भन्ने विषयमा स्पष्ट जानकारी उपलब्ध गराउन मुख्यमन्त्रीसँग आग्रह गरेको छ।

भेटका क्रममा संघले पछिल्ला केही वर्षदेखि रोजगारी सिर्जना राष्ट्रको प्रमुख आवश्यकता बनेको उल्लेख गर्दै, अर्थतन्त्र चलायमान राख्न, आपूर्ति सहजता कायम गर्न र समृद्ध गण्डकी प्रदेश निर्माणका लागि प्रादेशिक औद्योगिक क्षेत्र अपरिहार्य रहेको जनाएको छ। हाल जग्गाको मूल्य अत्यधिक बढेकाले निजी क्षेत्रले चाहेर पनि उद्योग स्थापना गर्न नसकिरहेको उल्लेख गर्दै, उद्योग-कलकारखाना स्थापना गर्न अनुकूल वातावरण सिर्जना गर्ने जिम्मेवारी सरकारकै रहेको संघको भनाइ छ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका अधिकारीले समग्र गण्डकी प्रदेशको विकास र समृद्धिका लागि प्रदेश सरकारले निर्माण गर्ने औद्योगिक क्षेत्रलाई प्राथमिकतामा राखेर काम अघि बढाउन आग्रह गरिएको बताइन् । उनका अनुसार राजधानी काठमाडौं र पोखराको भौगोलिक पहुँच सहज बन्दै गएको अवस्थामा पोखरा महानगरपालिकाको आसपासमा निर्माण हुने औद्योगिक क्षेत्र काठमाडौंको विकल्पका रूपमा समेत विकास हुन सक्ने सम्भावना रहेको छ।

औद्योगिक क्षेत्र सञ्चालनका लागि संघका सदस्य उद्योगी-व्यवसायीहरू उत्साहित रहेको जनाउँदै अध्यक्ष अधिकारीले प्रदेश सरकारले शीघ्र निर्णय गरी निर्माण प्रक्रिया अघि बढाउने अपेक्षा व्यक्त गरेकी छिन् ।

## 'उज्यालो गण्डकी' अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

प्रदेशका सबै घरधुरीमा बिजुलीको पहुँच पुऱ्याउने गण्डकी प्रदेश सरकारको आठ वर्षदेखिको लक्ष्य अझै पूरा भएको छैन ।

प्रदेश स्थापनापछि विसं २०७४ मा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्रैमा सबै घरमा विद्युत् सेवा पुऱ्याउने निर्णय गरेको थियो। प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका अनुसार हालसम्म ९९ दशमलव ८० प्रतिशत घरमा बिजुली पुगेको छ । नेपाल विद्युत् प्राधिकरणको आँकडाले अझै केही घरधुरी बिजुलीको पहुँच बाहिर रहेको देखाएको मन्त्रालयको ऊर्जा शाखा प्रमुख इञ्जिनियर जीवन श्रेष्ठले बताउनुभयो। प्रदेश सरकारले छुटेका घरधुरीमा बिजुली बालेर ' उज्यालो गण्डकी' घोषणाको तयारी केही वर्षअघि नै गरे पनि विद्युत् सेवामा लक्ष्यअनुसारको प्रगति हुन नसकेको हो । बर्सेनि सरकारको नीति, कार्यक्रम र बजेटमासमेत उक्त योजना समेटिँदै आएको छ। उहाँका नवलपुरमा रहेको नेपाल विद्युत् प्राधिकरणको वितरण केन्द्रबाट विद्युत् विस्तारको काममा ढिलाइ हुँदा 'उज्यालो गण्डकी'को लक्ष्य पछाडि धकेलिँदै आएको बताउनुभयो । "नवलपुरमा साढे तीन सयजति घरमा विद्युत् सेवा विस्तार हुन बाँकी छ, प्राधिकरणले ठेक्कामार्फत अहिले काम गरिरहेको छ", उहाँले भन्नुभयो, "प्रदेश सरकारले सोधभर्नाबापतको रकम प्राधिकरणलाई समयमा भुक्तानी गर्न नसक्दा पनि काम प्रभावित भएको हो ।" गत वर्ष बजेट कम हुँदा काम रोकिएको उहाँको भनाइ छ । यस वर्ष विद्युत् विस्तारका लागि प्रदेश सरकारले रु १३ करोड बजेट छुट्याएको इञ्जिनियर श्रेष्ठले बताउनुभयो। चालु आवभित्र नवलपुरमा विद्युत् वितरणको काम पूरा हुने उहाँको भनाइ छ। त्यसबाहेक प्रदेशका विभिन्न २८ स्थानीय तहका १३ सय १७ घरधुरीमा बिजुली नपुगेको पाइएको इञ्जिनियर श्रेष्ठले बताउनुभयो । मन्त्रालयले गत वर्ष विद्युत् प्राधिकरण र स्थानीय तहसँगको समन्वयमा बिजुली नपुगेका घरधुरीको खोजी र पहिचान गरेको थियो। सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरधुरीलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सार्वजनिक रुपमा सूचित गरेको थियो। "२८ वटा स्थानीय तहबाट एक हजार ३१७ घरधुरीमा बिजुली नपुगेको तथ्याङ्क आएको छ, तिनको पहिचान गरी विद्युत् सेवा विस्तार गर्ने तयारीमा छौँ", इञ्जिनियर श्रेष्ठले भन्नुभयो, "यो वर्ष सतप्रतिशत घरधुरीमा बिजुली पुग्छ, त्यसले उज्यालो गण्डकी घोषणाको आधार तयार गर्छ ।" विद्युत् प्राधिकरणको १३ वितरण केन्द्रमार्फत प्रदेशका ११ वटै जिल्लामा विद्युतीकरण गरिएको छ । लघजलविद्युत् पनि नभएको ठाउँमा घरेलु सौर्य ऊर्जा जडानका लागि प्रदेश सरकारले अनुदानकोसमेत व्यवस्था गरेको छ । मन्त्रालयका अनुसार गण्डकी प्रदेशको विद्युतीकरणमा राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ। राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी, बागलुङ र गोरखाका आठ स्थानीय तहका एक हजार ५९६ घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको छ। संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कूल १९२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको छ। प्रदेशमा रहेका ९० वटा लघुजलविद्युत् आयोजनाबाट तीन हजार २९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ । जसबाट १५ हजार ४४० घरधुरीमा बिजुली पुगेको छ।

## तोकिएकै मितिमा चुनाव हुनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

नेपाली कम्युनिष्ट पार्टीका नेताहरूले तोकिएकै मितिमा प्रतिनिधिसभा सदस्य निर्वाचन हुनुपर्नेमा जोड दिएका छन् ।

शनिबार बागलुङ सदरमुकाममा आयोजित एकता सन्देश सभामा बोल्दै नेताहरूले आगामी फागुन २१ गतेलाई निर्धारित प्रतिनिधिसभा सदस्य निर्वाचन हुन नसके वर्तमान सरकारप्रति जनविश्वास घट्ने बताएका हुन् । नेकपा नेतृ एवं पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले वर्तमान सरकारको एउटै मात्र 'म्याण्डेट' चुनाव गराउने रहेकाले त्यसमा केन्द्रीत हुन आग्रह गर्नुभयो । "फागुन २१ मै निर्वाचन हुनुपर्छ, सरकारले निष्पक्ष र भयरहित रूपमा निर्वाचनको वातावरण बनाउनुपर्छ", उहाँले भन्नुभयो, "जेनजी प्रदर्शनपछिको अवस्थामा मुलुकलाई नयाँ जनमतसहित अगाडि बढाउन निर्वाचनको विकल्प छैन। संविधान र लोकतन्त्रको रक्षाका लागि पनि निर्वाचन अपरिहार्य छ ।" अधिकांश पार्टीले निर्वाचनमा जाने निर्णय गरेकाले विस्तारै निर्वाचनको वातावरण बन्दै गएको भन्दै नेतृ


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



## स्वदेशी वस्तु प्रयोग गरौं ।

◆स्वदेशी उत्पादनमा जोड दिऔं,

◆स्वदेशी उत्पादनको प्रयोग गरौं,

◆स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,

◆स्थानीय उद्योग र रोजगार प्रर्वद्धनमा सहयोग गरौं,

◆स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,

◆ राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,

◆ स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,

◆उद्यमीको योगदानको कदर गरौं।

स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं,स्वावलम्बी बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पार्टीलाई एकढिक्क बनाउनुपर्छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २८ मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले देशीविदेशी पक्षका चुनौतीकाबीच पार्टीलाई एकढिक्का बनाउनुपर्ने बताउनुभएको छ।

सो पार्टीको ११औँ राष्ट्रिय महाधिवेशनको आइतबारदेखि सुरु भएको बन्दसत्रमा सम्बोधन गर्दै अध्यक्ष ओलीले राष्ट्रिय राजनीति, विकास र समृद्धिका पक्षमा पार्टी एक लय र सुरका साथ प्रस्तुत हुनुपर्नेमा जोड दिनुभएको हो । गत भदौ २३ र २४ गतेको घटनामा घुसपैठ भएको जिकिर गर्दै उहाँले घटनाको तत्कालीन प्रधानमन्त्रीले जिम्मेवारी लिनुपर्छ भन्ने खालका तर्कहरुमा पार्टीका नेताहरु बहकिन नहुने आग्रह गर्नुभयो। अध्यक्ष ओलीले राष्ट्रियता, विकास र समृद्धिका सवालमा पार्टीले लिएको अडान र दृष्टिकोणका आधारमा मुलुकलाई अगुवाइ गरिरहेको समयमा जेनजी आन्दोलन गराइनु र त्यसमा घुसपैठ हुनुले परिस्थितिमा फेरबदल आएको बताउनुभयो।

पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले जेनजी आन्दोलनपछिको अवस्थाबारे महाधिवेशनमा छलफल हुनुपर्ने प्रस्ताव राख्नुभएका सन्दर्भमा अध्यक्ष ओलीले विदेशी घुसपैठको बचाउन नगर्न आग्रह गर्नुभयो।


## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा खुल्ला एमेच्योर गल्फ प्रतियोगिता पुष ४ गतेदेखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

पोखरा खुल्ला एमेच्योर गल्फ प्रतियोगिता २०८२ पुष ४ गते देखि हुने भएको छ। कास्की जिल्ला गल्फ संघको आयोजनामा आगामी पुष ५ गतेसम्म विश्वकै उत्कृष्ट गल्फ कोर्समध्ये एक मानिने पोखरा-१४ मफेरीपाटनस्थित (पार-६९) को हिमालयन गल्फ कोर्समा उक्त प्रतियोगिता आयोजना हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रतियोगितामा देश तथा विदेशबाट २५ टिम सहित करिब ७० देखि ८० जना एमेच्योर गल्फरको सहभागिता रहने कास्की जिल्ला गल्फ संघका अध्यक्ष जीवाराम गुरुङले बताउनु भयो। प्रतियोगितामा पोखरा, काठमाडौं, धरान, महोत्तरीका साथै यूके, अमेरिका र सिङ्गापुरबाट समेत गल्फरहरू सहभागी हुने भएको



उहाँले जनाउनु भयो। पोखराबाट ४ जना महिला सहित २० खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

प्रतियोगिता स्ट्रोक प्ले, स्टेबल फोर्ड तथा ३ र ४ ह्याण्डीक्याप फर्म्याटमा सञ्चालन हुनेछ। पुरुष टिम इभेण्टतर्फ पहिलो, दोस्रो र तेस्रो हुने टोलीले क्रमशः नगद ५० हजार, ३० हजार र २० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन्। महिला खुल्लातर्फ पहिलो र दोस्रो हुनेले क्रमशः नगद १० हजार र ५ हजार रुपैयाँ पुरस्कार पाउने छन् भने सिनियरतर्फ विजेतालाई १० हजार रुपैयाँ नगद प्रदान गरिनेछ। यसैगरी नेटतर्फ पहिलो, दोस्रो र तेस्रो हुने गल्फरले क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँ नगद प्राप्त गर्ने उपाध्यक्ष भक्तराज गुरुङले जानकारी दिनुभयो।

ग्रसतर्फ पहिलो र दोस्रो हुनेलाई क्रमशः १५ हजार र १० हजार रुपैयाँ नगद प्रदान गरिनेछ। साथै क्लोजेष्ट टु दि पिन, लङ्गेष्ट ड्राइभ तथा सर्वाधिक बर्डी (हाइएस्ट बर्डी) हिर्काउने गल्फरलाई समान ५-५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने संघले जनाएको छ। प्रतियोगिताको कुल खर्च करिब ८ लाख रुपैयाँ हुने अनुमान गरिएको छ। प्रतियोगिताबाट बचत हुने रकम पोखरा रंगशालाभित्र निर्माणाधीन गल्फ एकेडेमी निर्माणमा खर्च गरिने संघले जनाएको छ। हालसम्म एकेडेमी निर्माणका लागि १८ लाख रुपैयाँ खर्च भइसकेको र खेल्ने लायक बनाउन अझै केही समय लाग्ने जानकारी पनि दिइयो।

प्रतियोगिता सफल बनाउन सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, जिल्ला खेलकुद विकास समिति कास्की, नेपाल गल्फ संघ, प्रदेश गल्फ संघ तथा हिमालयन गल्फ क्लब पोखराको सहकार्य र सहयोग रहेको कास्की जिल्ला गल्फ संघले जनाएको छ।

पत्रकार सम्मेलनमा कास्की जिल्ला गल्फ संघका कोषाध्यक्ष क्या.लालबहादुर गुरुङ, हिमालयन गल्फ कोर्षका व्यवस्थापक भूवहादुर गुरुङ (भुवन) लगायतले गल्फल खेलको विकासमा राज्यको खासै ध्यान नपुगेको गुनासो गर्नु भयो।

# पोखरा रंगशालाको फुटबल स्टेडियममा फ्लटलाईट जडान गर्ने मन्त्री घिसिङको आश्वासन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

नेपाल सरकारका भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्री कुलमान घिसिङले पोखरा रङ्गशालामा फ्लटलाइट जडान गर्ने बताउनु भएको छ।

पोखरा रंगशालाको आइतबार निरिक्षण गर्दै मन्त्री घिसिङले खेलकुदकर्मीहरूको माग अनुसार सरकारले पोखरा रंगशालामा फ्लटलाइट यसै बर्ष जडान गर्ने प्रकृया अघि बढाउने बताउनु भएको हो। १२ देखि १५ करोड लाग्ने ठूलो परियोजना कसरी बजेट व्यवस्थापन गर्नुहुन्छ भन्ने पत्रकारको प्रश्नमा मन्त्री घिसिङले त्यो आवश्यकताको आधारमा आफूहरुले यसै वर्ष उक्त फ्लटलाई जडान गर्ने गरी बजेट ब्याबस्थापन गर्ने बताउनु भयो। उक्त परियोजना एकै पटक सम्पन्न हुने गरी परियोजना अघि बढाउने उहाँले जनाउनु भयो।

जिल्ला खेलकुद विकास



समितिका अध्यक्ष मिलन गुरुङले मन्त्री घिसिङ समक्ष फ्लटलाइडको प्रस्ताव पेश गर्नुभएको छ। यस अघि धेरै मन्त्री र नेताहरुसंग उक्त परियोजनाको लागि बजेट माग गर्दा सुनुवाई नभएको उहाँले गुनासो गर्नुभयो। पोखरा रङ्गशाला फुटवल स्टेडिएम १ अरब २८ करोडको लागतमा निर्माण भए ता पनि फ्लटलाइट बिना साँझ र बेलुका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरु हुन नसकेको अध्यक्ष गुरुङले बताउनु भयो। समितिका कार्यालय प्रमुख डीबी नेपालीले मन्त्रीलाई पोखरा रंगशालाको बारेमा जानकारी (ब्रिफिङ) गराउनु भएको थियो।

उज्यालो नेपाल गण्डकी प्रदेश स्तरीय भेलालाई सम्बोधन गर्न शनिबार पोखरा आउनुभएको मन्त्री घिसिङ आइतबार पोखरा रङ्गशाला निरीक्षण गरेसँगै उहाँलाई खेलकुदकर्मीहरूले पोखरा रङ्गशालामा स्वागत गर्नुभएको थियो।

साथै मन्त्रीले पोखरा रङ्गशालाको चाइना पुल संगै सेतीनदी माथि निर्माण हुँदै गरेको करिब १ अरबको सिक्नेचर पुलको समेत निरीक्षण गर्दै समयमै उक्त पुल निर्माण गर्न ठेकेदार कम्पनीलाई निर्देशन समेत दिनुभएको छ।

# लेकसिटी कलेजको चौथो कार्निभल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

पोखरा महानगरपालिका वडा नं. ४ स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरको आयोजनामा चौथो लेकसिटी कार्निभल हालै सम्पन्न भएको छ। कार्निभलमा सांगीतिक प्रस्तुति, स्वादिष्ट परिकार र सांस्कृतिक विविधता झल्कने प्रस्तुतिहरू रहेका थिए।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्राध्यापक डा. विश्वकल्याण पराजुली, क्याम्पस प्रमुख नारायण कुमार श्रेष्ठ, सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देल र इसिए प्रमुख आमोदप्रसाद कोइरालाले संयुक्त रूपमा 'चौथो कार्निभलमा स्वागत लेखिएको ब्यानरसहितको बेलुन उडाएर कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा बोल्दै समितिका अध्यक्ष प्रा.डा. पराजुलीले क्याम्पस परिसरमा भएको कार्निभलले विद्यार्थीहरूको सिर्जनशीलता, सीप र संस्कारलाई उत्सवका रूपमा प्रस्तुत गरेको बताए। हरेक विद्यार्थीको हातमा देखिएको कला, सोच र मेहनतले लेकसिटी कलेज पढाइको केन्द्रसँगै जीवन सिक्ने थलो बनेको उनले बताए। तीन वर्षअघिदेखि निरन्तर



हुँदै आएको कार्निभललाई यस वर्ष झनै व्यवस्थित र आकर्षक रूपमा सम्पन्न गर्न सफल भएको क्याम्पस प्रमुख श्रेष्ठले जानकारी दिए। क्याम्पस प्रमुख श्रेष्ठका अनुसार कलेजको खेलमैदानमा मुख्य स्टेजसहित विविध स्टलहरू राखेर स्थानीय उत्पादनहरू जस्तै अचार, हस्तकला, सजावटका सामग्री र कपडाका झोलाहरूको प्रदर्शनी तथा बिक्री गरिएको थियो। कलेजका विद्यार्थीहरूले स्वयंसेवकका रूपमा सेलरोटी, मःम, चाउमिन, चटपटे, पानीपुरी, अचार लगायतका लोकप्रिय व्यञ्जनहरूका स्टल सञ्चालन गरेका थिए। स्टल व्यवस्थापनमा कलेजमा अध्ययनरत विद्यार्थीहरू सक्रिय सहभागी भएको क्याम्पस प्रमुख श्रेष्ठको भनाइ छ।

कलेजका इसिए प्रमुख कोइरालाले दिएको जानकारीअनुसार कार्यक्रमलाई अझ मनोरञ्जनात्मक बनाउन क्याम्पसकै विद्यार्थीहरूले सांस्कृतिक नृत्य, गायन र आकर्षक प्रस्तुतिहरू दिएका थिए। विद्यार्थीहरूको कला, सिर्जनशीलता र सहभागितालाई प्रोत्साहन गर्ने उद्देश्यले कार्निभल कलेजको महत्त्वपूर्ण वार्षिक कार्यक्रमका रूपमा स्थापित हुँदै आएको कोइरालाले बताए।

कार्यक्रममा विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय पोखरेलीहरूको उल्लेख्य सहभागिता रहेको थियो। साँझ भएको सांस्कृतिक कार्यक्रममा पोखराका कुशल गायक अरमान गुरुङका मीठा गीत र जेनिस क्षेत्रीको ¬याप गीतले थप मनोरञ्जन प्रदान गरेको थियो। कार्निभललाई विभिन्न व्यक्ति, संस्था र कलेजका साझेदारहरूले प्रायोजन तथा सहयोग गरेका थिए। कलेजमा बिए प्रथम वर्षमा पत्रकारिता अध्ययनरत सफल सुवेदी र पूर्वविद्यार्थी तथा कर्मचारी सपना गायकले उपस्थित सबैलाई मन्त्रमुग्ध पारेर कार्यक्रम सञ्चालन गरेका थिए। कलेजले हरेक वर्ष खेलकुद प्रतियोगिता, रक्तदान, वृक्षरोपण, वर्कशप, मिडिया भिजिट, विभिन्न पर्यटकीय स्थलको अवलोकन तथा सामाजिक कार्यक्रमहरू गर्दै आएको सहायक क्याम्पस प्रमुख शोभाकान्त सिग्देलले जानकारी दिए। सामाजिक विज्ञान केन्द्रले सञ्चालन गर्ने मासिक कचहरी कार्यक्रम कलेजकै मौलिक पहिचान बनेको सिग्देलको भनाइ छ। लेकसिटी वि.सं. २०६४ मा स्थापना भएको त्रिविबाट सम्बन्धन प्राप्त कलेज हो। कलेजले बिबिएस, बिएसडब्लु (समाजसेवा) र बिए (समाजशास्त्र, पत्रकारिता, अंग्रेजी साहित्य) कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। वार्षिक एक सय विद्यार्थी भर्ना क्षमता रहेको कलेजमा हाल ३५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

# हाईकर्स क्लब नेपालको हाइकिङ ६५ औं श्रृङखला म्याग्देको हर्षपुरमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर

विगत ७ वर्ष देखि नियमित हरेक महिनाको अन्तिम शनिबार स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने नाराका साथ हुँदै आएको हाइकिङ भाग ६५ तनहुँको म्याग्दे गाउँपालिका वडा नं. ७ को हर्षपुरमा सम्पन्न गरेको छ।

स्थानिय बालकुमार श्रेष्ठ सहितको स्थानिय आमा समुहले हर्षपुर डाँडागाउको भ्युटावरमा पञ्चेवाजा वजाएर हाइकर्स समुहलाई स्वागत गरेका थिए। समुहलाई स्वागत गर्दै पर्यटन वजारमा वामे सर्दै गरेको हर्षपुरलाई आफ्नो यात्राको गन्तव्य वनाएकोमा हाइकर्स क्लब नेपाललाई धन्यवाद दिर्दै हर्षपुर गाउँको व्यापक प्रचारप्रसार गर्न अनुरोध गरेका थिए। साथै केहि वर्ष देखि गाउँमा होमस्टे संचालन सुरु गरेपछि आन्तरिक पर्यटनको वृद्धि हुनुका साथै पक्कि बाटो गाउँले पाएको अनुभव व्यक्त गरेका थिए। सामाजिक सञ्जालमा सूचना प्रकाशित गरि पोखराका विभिन्न स्थानहरुबाट



जम्मा भएका नियमित हाइकिङ गर्ने र पहिलो पटक हाइकिङमा सहभागि भएका ३८ जना पृथ्वीराजमार्गको म्याग्दे-७, थर्पु, घुम्तीबजारबाट पैदल यात्रा सुरु गरि सोही वडाको हर्षपुर डाँडागाउँ भ्यु टावर सम्म हाइकिङ गरिएको थियो। यस अघि क्लबका अध्यक्ष कृष्ण रानाभाट, उपाध्यक्ष ज्योति हमाल, सल्लाहकार जुना गुरुङ लगाएत सहभागिहरुलाई स्याङ्दे टोलविकास संस्था, संगम टोलविकास संस्था, धोबिखोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, स्याङ्दे वडहरे समीडाँडा आमा समुहले अविर, पुष्पगुच्छाले स्वागत गरेका थिए।

क्लबका अध्यक्ष कृष्ण रानाभाटले स्थानियले राखेको जिज्ञासा माथि प्रकाश पार्दै हाइकर्स क्लबको स्थापना, क्लबले ग्रामिण पर्यटनमा पुर्‍याएको योगदानको चर्चा गर्दै हाइकिङ गरि पुगेका स्थानहरुको बारेमा वोलेका थिए। धोबिखोला खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष सन्तमान श्रेष्ठ र स्याङ्दे टोलविकास संस्थाका अध्यक्ष रामकुमार श्रेष्ठले पदयात्रामा सहजिकरण गर्दै आरी रह, खुर्सानी रह, मिलिजुली सामुदायिक बन, ऐतिहासिक कुवाको बारेमा जानकारी दिएका थिए। क्लबको आयोजनामा तनहुँ जिल्लाका भिमाद नगरपालिकाको ध्याङ् चलुम र सिद्ध गुफा, शुक्ला गण्डकी नगरपालिकाको थर्पेक, म्याग्दे गाउँपालिकाको किल्चोक, बहपुर, व्यास नगरपालिकाको मानुङकोट, शुक्लागण्डकी नगरपालिकाको दगाम गाउँमा हाइकिङ कार्यक्रम सम्पन्न गरिसकेको छ।

# मुग्लिन-पोखरा सडक शीघ्र सम्पन्न गर्न मन्त्री घिसिङको निर्देशन

**पोखरापत्र संवाददाता**
दमौली, २८ मंसिर

भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले निर्माणाधीन मुग्लिन-पोखरा सडक शीघ्र सम्पन्न गर्न निर्देशन दिनुभएको छ।

जामुनेबाट पोखरासम्म पर्ने पश्चिमखण्डको आज निरीक्षण गर्दै उहाँले निर्धारित समयमा काम सम्पन्न गरी आवागमन सहज बनाउन निर्माण व्यवसायीलाई निर्देशन दिनुभएको हो। मन्त्री घिसिङले पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्मको हालसम्म भएको प्रगति विवरणबारे जानकारी लिँदै समस्या समाधानका लागि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। पश्चिम खण्डमा भौतिक प्रगति ५९ दशमलव



७६ प्रतिशत र वित्तीय प्रगति ४७ दशमलव ८० प्रतिशत भएको छ। आयोजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार ४८ दशमलव ८८ किलोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७ दशमलव चार किमीमा एकतर्फी रूपमा पहिलो तहको कालोपत्र सकिएको छ।

त्यसमध्ये २९ दशमलव ६१ किमीमा चार लेन र सात दशमलव ७९ किमीमा दुई लेन कालोपत्र सम्पन्न भएको उहाँले जानकारी दिनुभयो। उक्त खण्डमा १२ मध्ये ११ पुल निर्माण सम्पन्न भइसकेका छन् भने सेती नदीमा पुल निर्माणाधीन छ। गत आर्थिक वर्षमा पश्चिम खण्डको २५ किमी सडक चार लेनमा स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा २३ दशमलव शून्य छ किमी कालोपत्र भएको आयोजना प्रमुख कुँवरले जानकारी दिनुभयो। उहाँका अनुसार ११ पुल निर्माण गर्ने लक्ष्य राखिएकामा लक्ष्यबमोजिम ११ वटै सम्पन्न भएका छन्। छैसठ्ठी कल्भर्ट निर्माण गर्ने लक्ष्य राखिएकामा ६५ र ५१ दशमलव पाँच किमी नाला निर्माण गर्ने लक्ष्य राखिएकामा ४५ दशमलव दुई किमी सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ। आगामी पुस १६ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७८ जेठ ३ गते रु सात अर्ब ४० करोडमा निर्माण कम्पनीसँग सम्झौता भएको थियो।

# तोकिएकै ...

भुसालले राष्ट्रिय स्वाधिनताको रक्षाका लागि सबै प्रगतिशील र लोकतान्त्रिक शक्तिहरूबीचको सहकार्यमा जोड दिनुभयो। उहाँले आगामी निर्वाचनमा नेपाली कम्युनिष्ट पार्टीले ५० प्रतिशत युवालाई उम्मेदवार बनाउने बताउनुभयो। नेकपा नेता एवं पूर्वशिक्षामन्त्री देवेन्द्र पौडेलले निर्वाचनपछि बन्ने सरकारले 'जेनजी' पुस्ताले उठाएका माग सम्बोधन गर्ने बताउनुभयो। उहाँले आफ्नो पार्टी निर्वाचनमा भाग लिन तयार रहेको र एक्लै प्रतिस्पर्धामा उत्रने धारणा राख्नुभयो। "घोषित निर्वाचनमा हामी भाग लिन्छौं, निर्वाचन प्रक्रियामा जेनजी पुस्तालाई समेटेर लैजान्छौं", नेता पौडेलले भन्नुभयो, "हाम्रो पार्टी आत्माआलोचनासहित जनताका बीच आएको छ, देशव्यापी रूपमा सकारात्मक वातावरण बनेको छ।" नेतृ दिलकुमारी पन्तले समयमै चुनाव नभए थप समस्या आउने भन्दै निर्वाचन सफल पार्न नेकपाले सरकारलाई सहयोग गर्ने उल्लेख गर्नुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# विधान महाधिवेशनको अवमूल्यन नहोस्

नेपाल कम्युनिस्ट पार्टी (एमाले)ले विधान महाधिवेशनको निर्णयलाई पछ्याउँदै पदाधिकारी संख्या बढाएको छ। महाधिवेशनकै क्रममा बसेको नेकपा एमालेको केन्द्रीय कमिटी बैठकबाट पदाधिकारी संख्या १९ सदस्यीय बनाउने प्रस्ताव पारित भएको छ । अब एमालेमा पदाधिकारी १९ सदस्यीय हुनेछ। केन्द्रीय कमिटीले पारित गरेको प्रस्तावलाई महाधिवेशनले पारित गरेको छ। अब अध्यक्ष १, उपाध्यक्ष ५, महासचिव १, उपमहासचिव ३ र सचिव ९ गरी १९ सदस्यीय पदाधिकारी बनाउने ओलीको प्रस्ताव पारित भएको हो । विधान महाधिवेशनको निर्णय उल्ट्याउँदै एमालेले पदाधिकारी संख्या बढाएको छ । यो प्रस्ताव महाधिवेशनबाट अनुमोदन भएपछि कार्यान्वयनमा गएको छ।

गत भदौमा भएको विधान महाधिवेशनले पदाधिकारी संख्या घटाएर १५ मा झारेको थियो। अहिले पदाधिकारीका आकांक्षी धेरै भएपछि अध्यक्ष ओलीले पदाधिकारी संख्या बढाएर पुनः १९ पुर्‍याएका छन । नयाँ विधानमा अध्यक्ष एक, उपाध्यक्ष तीन, महासचिव एक, उपमहासचिव तीन, सचिव सात गरी २ सय ५१ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्ने र प्रदेश कमिटीका अध्यक्षहरू पदेन सदस्य रहने व्यवस्था छ । अब भने विधान संशोधनपछि अध्यक्ष एक, उपाध्यक्ष ५, सचिव ९, महासचिव १, उपमहासचिव ३ हुनेछ। विधान महाधिवशेनले पारित गरेको विधानलाई राष्ट्रिय महाधिवेशनले संशोधन गर्न सक्ने प्रावधान छ । साविककै ३०१ सदस्यीय केन्द्रीय कमिटी हुनेछ। महाधिवेशनले विधान संशोधन पारित गरेसंगै कार्यान्वयनमा गएको छ।

निर्वाचन आयोगले निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ । जेन-जी आन्दोलनपछि राजनीतिमा आएको नयाँ चेतनाले धेरै प्रश्न एमाले नेतृत्व माथि उठेको छ । पार्टीभित्रै केपी ओलीको विकल्प खोजिनुपर्छ भन्ने आवाज उठेको छ। ११ औं महाधिवेशनमा २ हजार २६२ निर्वाचित प्रतिनिधि, १०८ मनोनीत र ३०९ केन्द्रीय सल्लाहकार गरी कुल २ हजार ५७१ सहभागी छन् । यी प्रतिनिधिले नेतृत्व र नीति तर्जुमा गर्नेछन् । नेतृत्वमा केपी शर्मा ओली र ईश्वर पोखरेलको दाबी रहँदा युवापुस्ताको सहभागिता, समावेशिता र भविष्यको नेतृत्व निर्माण कसरी हुन्छ भन्ने प्रश्न निर्णायक बन्नेछ । देशका ठूला राजनीतिक दलहरूले लिने नीति र चयन गर्ने नेतृत्वले नै मुलुकको भविष्य निर्धारण गर्छ ।

एमालेको यो महाधिवेशनले विगतको गौरवमात्र सम्झेर होइन, वर्तमानका चुनौती र भविष्यका अपेक्षालाई आत्मसात् गर्दै नेतृत्व चयन गरोस भन्ने समर्थक र शुभेच्छुकको चाहना छ। युवापुस्तालाई विश्वासमा लिने, आन्तरिक लोकतन्त्र बलियो बनाउने र जबजको मार्गदर्शनमा देशलाई स्थायित्व, सुशासन र समृद्धितर्फ लैजाने स्पष्ट नीति तर्जुमा गर्न सक्नु नै यस महाधिवेशनको ऐतिहासिक जिम्मेवारी हो। यही अपेक्षा आज पार्टीपंक्ति मात्र होइन, सिंगो देशले राखेको छ । यस विषयमा मुलुकको प्रमुख राजनीतिक शक्ति एमालेका नेता कार्यकर्ताले विशेष ध्यान पुर्याउनु आवश्यक छ । गुटबन्दी अन्त्य गर्ने अठोट गरेमा जनताको विश्वास जितेर राष्ट्रिय शक्ति मात्र होइन निर्णायक शक्ति बन्न सकिन्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भण्डारढिक रंगशालामा नेसनल प्याक्सनको खेलकुद प्रतियोगिता सम्पन्न




पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

गीता राणा केन्द्रीय अध्यक्ष रहेको नेसनल प्याक्सनको कास्की शाखाले पोखरा २९ मा रहेको भण्डारढिक रङ्गशालामा खेलकुद प्रतियोगिता सम्पन्न गरेको छ ।

२ दिवसीय रुपमा सम्पन्न भएको उक्त खेलकुद प्रतियोगिताको समापन समारोहमा बोल्दै नेसनल प्याक्सनका पूर्व केन्द्रीय अध्यक्ष ऋतुराज सापकोटाले देशको विषम परिस्थितिमा नेसनल प्याक्सनको कास्की शाखाले खेलकुद आयोजना गरेकामा खुशी व्यक्त गर्दै खेलकुद प्रतियोगिताले विद्यार्थीहरुमा शारीरिक तन्दुरुस्ती ल्याउने अपेक्षा गरे । खेलकुद प्रतियोगितामा कक्षा ४ देखि १० सम्मका विद्यार्थीको जुनियर र सिनियर गरी २ छुट्टाछुट्टै समूहमा खेलहरु खेलाइएका थिए। जुनियर फुटबलतर्फ लिटल फ्लावर प्रथम, पिनाकल एकेडेमी द्वितीय तथा सिद्धिविनायक र मर्निङ्ग ग्लोरी तृतीय भए । यसै गरी सिनियर फुटबलतर्फको उपाधि मर्निङ्ग ग्लोरी एकेडेमीले हात पारेको छ । फाइनल खेलमा लिटल फ्लावरलाई १-० ले पराजित गर्दै मर्निङ्ग ग्लोरीले उपाधि जितेको हो । सिनियर फुटबलमा लिटल फ्लावर द्वितीय तथा पिनाकल एकेडेमी र एकता सेकेण्डरी तृतीय भए ।

जुनियर खो खोतर्फ एकता सेकेण्डरी प्रथम, सिद्धिविनायक द्वितीय तथा मर्निङ्ग ग्लोरी र पिनाकल एकेडेमी तृतीय भए । यसै गरी सिनियर खो खोतर्फ एकता सेकेण्डरी प्रथम, सिद्धिविनायक द्वितीय तथा मर्निङ्ग ग्लोरी र लिटल फ्लावरले तृतीय स्थान हासिल गरे। समापन समारोहमा केन्द्रीय उपाध्यक्ष तथा गण्डकी प्रदेश समन्वय उपसमिति संयोजक तिलक चौहान, केन्द्रीय बरिष्ठ उपाध्यक्ष तथा केन्द्रीय परीक्षा उपसमिति संयोजक ज्ञानेन्द्र मोहन भट्टराई,महासचिव प्रकाश बहादुर थापा, केन्द्रीय सचिव सन्तबहादार तामाङ्ग, केन्द्रीय व्यवस्थापन उपसमिति संयोजक कमल रानाभाट, केन्द्रीय सहकोषाध्यक्ष शिवदत्त तिवारी, गण्डकी प्रदेश सचिव सिकन्दर गुरुङ्ग लगायतले बधाई तथा शुभकामना दिंदै विजयी विद्यार्थी तथा विद्यालयलाई ट्रफी मेडल र प्रमाण पत्र वितरण गरेका थिए। नेसनल प्याब्सन कास्कीका अध्यक्ष रोशन कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष विकल पौडेलले तथा सञ्चालन सचिव प्रतिभा के.सी ले गरेकी थिइन् ।

# मन्त्री घिसिङद्वारा निर्माणाधीन चार लेनको पुलको निरीक्षण

पोखरापत्र संवाददाता
दमौली, २८ मंसिर

मुग्लिन पोखरा सडकखण्डअन्तर्गत व्यास नगरपालिका-४ र ५ स्थित मादी नदीमा निर्माणाधीन चार लेनको पुलको भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले निरीक्षण गर्नुभएको छ।

सो अवसरमा उहाँले यहाँ निर्माण हुँदै गरेको चार लेनको पुल पर्यटकीय हिसाबले आकर्षण रहेको भन्दै पर्यटकलाई यसले लोभ्याउने चर्चा गर्नुभयो । मुग्लिन पोखरा सडकखण्ड निर्माणको अन्तिम चरणमा रहेको भन्दै उहाँले यसले काठमाडौं र पोखरालाई दुरीका हिसाबले नजिकबाट जोड्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "मुग्लिन-पोखरा सडकको पहिलो खण्ड सम्पन्न भइसकेको छ, केही काम बाँकी छ। यसले ठूलो परिवर्तन ल्याउँछ भन्ने मलाई लाग्छ । मुग्लिनदेखि काठमाडौंसम्मको काम विश्व बैंकको सहयोगमा भइरहेको छ।" यसैबीच मन्त्री घिसिङले समयमै काम गर्ने निर्माण व्यवसायीलाई पुरस्कार र नगर्नेलाई दण्ड जरिवाना गरिने बताउनुभयो ।

सडक डिभिजन कार्यालय दमौलीमा अइतबार आयोजित विभिन्न पालिकाका स्थानीय एवं जनप्रतिनिधिसँगको भेटघाटमा बोल्नुहुँदै मन्त्री घिसिङले निर्माण व्यवसायीले समयमै काम नगर्दा देश विकासमा पछाडि परेको उल्लेख गर्नुभयो ।


HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल

फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI1840001521 | सन्जु थारू | मधुवन नगरपालिका वडा नं. ४ बसन्ता, बर्दिया |


# जलजला आलुको बीउमा आत्मनिर्भर

पोखरापत्र संवाददाता
म्याग्दी, २८ मंसिर

जिल्ला सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका बीउ आलुमा आत्मनिर्भर बनेको छ।

राष्ट्रिय आलु बाली अनुसन्धान केन्द्रसँग समन्वय गरेर कम उत्पादन क्षमता भएको पुरानो बीउलाई विस्थापित गरी गुणस्तरीय बीउ उत्पादन गरिएको हो।

राष्ट्रिय कृषि अनुसन्धान परिषद्ले सिफारिस गरेको रोग प्रतिरोधात्मक क्षमताको पूर्वमूलबीउलाई पिबिएम प्रविधिबाट (बियाँबाट आलुको बीउ उत्पादन) गरेर आत्मनिर्भर बनाइएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार उत्पादन क्षमता कम भएको पुरानो बीउको प्रयोग हुँदा उत्पादन, गुणस्तर र रोगकीराको समस्या देखिएपछि २०७९ सालमा जलजला गाउँपालिका-६ लाम्पाटाको बराहटोलमा खुमल सेतो १, खुमल उज्वल, जनकदेव, खुमल रातो र कार्डनल जातको आलुको ५३ हजार २०० सय दाना रोपेर पहिलो पुस्ताको बीउ उत्पादन थालिएको थियो । "लाम्पाटामा पूर्वबीउका साथै सल्यानलगायतका ठाउँमा उत्पादन हुने दोस्रो र तेस्रो पुस्ताको आलुको बीउ खरिद गरेर चिस्यानगृहमा भण्डारण गरी किसानलाई सहुलियत दरमा उपलब्ध गराएका छौँ", अध्यक्ष आचार्यले भन्नुभयो, "गत वर्ष उत्पादन भएको दुई हजार २५२ बोरा बीउ पालिकाका किसानलाई पुगेर पनि अन्य जिल्लामा बिक्री गरेका छन् ।" पिबिएम प्रविधिबाट उत्पादन भएको आलुको बीउ पाँच पुस्तापछि खानयोग्य हुन्छ । यसअघि जलजलाका किसानले करिब ५० वर्ष पुरानो बीउ प्रयोग गर्दै आएका थिए । पुरानो बीउ लगाउँदा एक बोराबाट सातदेखि १० बोरासम्म उत्पादन हुने गरेकामा नयाँ बीउ लगाउँदा एक बोराले २० बोरासम्म उत्पादन दिन थालेको किसानले बताएका छन् । गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले किसानले उत्पादन गरेको बीउलाई प्रतिकिलो रु ६५ मा खरिद गरेर ५० प्रतिशत ढुवानीमा अनुदानसहित पोखराको चिस्यानगृहमा भण्डारण गर्ने र प्रतिकिलो रु १५ अनुदान दिएर किसानलाई वितरण गर्ने व्यवस्था मिलाएको बताउनुभयो।

अनुदानमा एक बोरा आलुको बीउ लैजाने किसानले कम्तीमा पाँच बोरा गाउँपालिकालाई उपलब्ध गराउनुपर्ने सर्त छ । गाउँपालिकालाई उपलब्ध गराएर बचेको बीउ किसानले छिमेकी जिल्ला म्याग्दी, बागलुङ, कास्की र पर्वतका अन्य स्थानीय तहमा बेच्छन् । जलजलामा वार्षिक एक हजार ८०० बोरा आलुको बीउ आवश्यक पर्ने गरेको जनाइएको छ । जलजलाको बनौ, तारे, शालिजा, लेकफाँट, धाइरिङको धाखेत, धारापानीमा बर्खे र सल्यान, नाग्लीवाङ, मल्लाजमा हिउँदे आलुखेती आलुखेती हुने गरेको छ । राम्रो मूल्य र बजार पाइने भएकाले खानका साथै बीउ उत्पादनमा किसान आकर्षित भएका छन् । जलजला-बाँसबोट कृषक समूहका सचिव कमलनयन आचार्यले ८० रोपनी खेत भाडामा लिएर १६ जनाले सामूहिक बीउका लागि आलुखेती सुरु गरिएको जानकारी दिनुभयो । किसानले व्यक्तिगत रूपमा ५० बोरा र समूहले एक सय १५ बोरा आलु रोपेका उहाँले बताउनुभयो । सामूहिक आलुखेती सुरु भएको खेतमा यसअघि हिउँदमा खेती हुँदैनथ्यो। बाँसबोटमा दुई वर्षअघि पुर्जाखोला सिँचाइ आयोजना निर्माण सकिएपछि बाह्रै महिना सिँचाइ सुविधा पुगेको बाँझो खेतबारी पछिल्लो दुई वर्षयता हराभरा हुन थालेको किसान भोजराज आचार्यले बताउनुभयो। "सिँचाइ सुविधा नहुँदा बाँसबोटका किसानले अकासे पानीका भरमा धानबालीमात्र लगाउँथे । सिँचाइ सुविधा भएपछि बसाइँसराइ र जनशक्ति अभावका कारण हिउँदमा बाँझिने जग्गामा पनि आलुसहित तीन बाली खेती सुरु गरेका छौँ । धान उत्पादन पनि दोब्बरले बढेको छ", उहाँले भन्नुभयो । गण्डकी प्रदेश सरकारले निर्माण गरेको पुर्जाखोला सिँचाइ आयोजनाबाट बाँसबोटका साथै फोक्सिङ, छहरा र एकपाटेका तीन सय घर किसानका छ सय २० रोपनी जमिनमा सिँचाइ सुविधा पुगेको छ।

स्थानीय अगुवा किसान लोकराज आचार्यले बाँझिएको जमिनलाई सदुपयोग, रोजगारी सृजना र किसानको आयआर्जन वृद्धिका लागि आलुको बीउ उत्पादन कार्यक्रम प्रभावकारी बनेको बताउनुभयो। उत्पादन बढ्दै गए पनि यहाँ बाँदरको समस्या आलुखेतीका लागि चुनौती बनेको छ। बाँदरका हुलले आलुका बिरुवा उखेल्ने र दाना निकालेर दुःख दिने गरेको जलजला गाउँपालिका-७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यले बताउनुभयो। सामूहिक आलुखेती भएकाले तीन महिनाका लागि बाँदर हेरालु राख्न गाउँपालिकामा समझदारी भएकाले कार्यान्वयनमा आएपछि केही राहत हुने उहाँले बताउनुभयो।

# घरबासले फेरिँदै कोरिखाका महिलाको दैनिकी

पोखरापत्र संवाददाता
बन्दीपुर, २८ मंसिर

पहिलाको रिखा गाउँकाका अधिकांश महिला खेतीपातीमा रमाउँथे । महिलाको दैनिकी घर, परिवार र खेतीपाती सम्हाल्ने हुन्थ्यो। तर पछिल्लो समय होमस्टे (घरबास)सञ्चालनमा आएपछि गाउँमा आयआर्जन गर्ने नयाँ माध्यम बन्नुका साथै यहाँका महिला आत्मनिर्भर बन्दै गएका छन् ।

तनहुँको बन्दीपुर गाउँपालिका-५ मा रहेको कोरिखा सामुदायिक घरबास विसं २०७५ देखि सञ्चालनमा आएको हो। सुरुआतमा गाउँका २४ मध्ये ११ परिवारको सहभागितामा सञ्चालनमा ल्याइएको घरबास अहिले विस्तार हुँदै गएको छ।

सामुदायिक घरबासको आफ्नै भवन निर्माण सम्पन्न भइसकेको जनाउँदै घरबासकी अध्यक्ष सावित्री गुरुङले ५० जना पाहुना सहिजै बस्न मिल्नेगरी संरचना बनाइएको बताउनुभयो । गाउँमा रोजगारीको अभावका कारण युवा वैदेशिक रोजगारीमा जान बाध्य भएका उल्लेख गर्दै उहाँले भन्नुभयो, "युवालाई गाउँमै रोक्न सकियोस् भन्ने उद्देश्यले आफ्नै ठाउँमा केही गरौँ भन्ने सोचबाट होमस्टे सुरु गरेका हौँ।" बन्दीपुर-५ को कोरिखा क्षेत्रमा घरबास सञ्चालन गरिरहनुभएकी सोममाया गुरुङले भन्नुभयो, "पहिला घरधन्दा र खेतीपातीमै समय बित्थ्यो। होमस्टे सुरु भएपछि पाहुनालाई सेवा दिन पाउँदा सानो भए पनि आम्दानीको बाटो खुलेको छ । आफ्नै घरबाट आम्दानी हुन थालेपछि आत्मविश्वास पनि बढेको छ ।" घरबास सञ्चालक चिनिमाया गुरुङले आम्दानीको स्रोत स्थापित हुँदै गएपछि आत्मविश्वास



बढ्नुका साथै गाउँमै केही गर्न सकिन्छ भन्ने विश्वास दिलाएको बताउनुभयो । कम आम्दानी भए पनि घरखर्च चलाउन सहज भएको उहाँको भनाइ छ । पाहुनासँग घुलमिल हुँदा हाम्रो संस्कृति, कला, परम्पराका चिनाउन पाउँदा खुसी लाग्ने उहाँको अनुभव छ। घरबासमा आउने पाहुनालाई बेलुकाको खाजा, खाना र बास तथा बिहानको खाजासहित प्रतिव्यक्ति रु ८०० को एकमुष्ट योजना (प्याकेज) उपलब्ध गराउने गरिएको चिनिमायाले जानकारी दिनुभयो। "यहाँ विशेषगरी स्थानीयस्तरमा उत्पादित ढिँडो, लोकल कुखुरा, खसी तथा बोकाको मासु, कोदोको रोटी र मह खुवाउने गरिन्छ । साथै स्थानीय संस्कृति झल्कने कौरा, चुड्का र घाटु नृत्यसमेत प्रस्तुत गरिन्छ", उहाँले भन्नुभयो। पर्यटन पहुँचका हिसाबले पनि कोरिखा सहज स्थानमा पर्दछ । पृथ्वी राजमार्गअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका-५ याम्पाबाट करिब छ किलोमिटर दूरीमा रहेको कोरिखा सवारीसाधनबाट करिब १५ मिनेटमा पुग्न सकिन्छ । त्यस्तै, डुम्रेबाट बन्दीपुर हुँदै वा बन्दीपुर बजारबाट बाहुन भञ्ज्याङ पार गरी करिब १५ मिनेटको सवारीयात्रामा कोरिखा पुग्न सकिन्छ।


## सार्वजनिक सूचना

बागलुङ जिल्ला हटिया-३ बस्ने गोर्ख बहादुर खत्रीको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. १०४१६ को क्षेत्रफल १६६.९० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि. नं. १११६४,१११६३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# कोरला सडक आयोजनामा आठ अर्ब खर्च

**रासस**
मुस्ताङ, २८ मंसिर

यहाँको उत्तरदक्षिण व्यापारिक मार्ग विस्तारित आयोजनाअन्तर्गत कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडकमा रु आठ अर्ब २० करोड खर्च भएको छ। आव २०८१/८२ सम्म आयोजनाको प्रस्तावित लागत अनुमान रु १० अर्ब ५७ करोड रहेकामा आयोजनाले ८२ प्रतिशत बजेट खर्च गरेको हो।

भारत र चीन जोड्ने राष्ट्रिय गौरवको कोरला सडकअन्तर्गत पर्वतको मालुढुङ्गादेखि नेपाल-चीन कोरलानाकासम्मको दुई सय दुई किलोमिटर सडकको ट्र्याक खुलाइसकिएको छ। विसं २०७३ साल मङ्सिर १२ गते मन्त्रिपरिषद्को निर्णयअनुसार कालीगण्डकी करिडोर (बेनी-जोमसाम-कोरला) सडकलाई छुट्टै आयोजनाका रूपमा स्थापना गरिएको थियो। जसअन्तर्गत आयोजनाले यहाँ २०७३/७४ सालदेखि निरन्तर पर्वत, म्याग्दी र मुस्ताङ खण्डमा दुई सय दुई किलोमिटर सडकको क्रमबद्ध रूपमा सडक स्तरोन्नति गरिरहेको छ। आयोजनाको पछिल्लो संशोधित सम्पन्न अवधि आव २०८२/८३ प्रस्ताव गरिएको छ। तर कोरलानाकासम्मको सडक कालोपत्र गर्नुपर्ने आवश्यकता रहेकाले सम्पन्न अवधि पुनः संशोधन हुने निश्चित छ।

यस कालीगण्डकी करिडोर सडक आयोजनाअन्तर्गत दुई सय दुई किलोमिटर सडकको ट्र्याक खोल्ने, ९७ किलोमिटर सडक ग्राभेल, एक सय पाँच किलोमिटरमा कालोपत्र र १९ वटा पुल निर्माण गर्ने लक्ष्य छ। उक्त लक्ष्यअनुरुप आव २०८१/८२ सम्ममा आयोजनाले दुई सय दुई किलोमिटर सडकको ट्र्याक खोलिसकेको, ९४ किलोमिटर सडक ग्राभेल, ८८ किलोमिटर कालोपत्र र १४ वटा पुल निर्माण सम्पन्न भइसकेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो।

कोरला सडकका लागि आयोजनामार्फत तीन किलोमिटर ग्राभेल र कागबेनी-छुसाङ १० किमी कालोपत्रसहित २७ किलोमिटर सडकमा कालोपत्र गर्नुपर्ने र बाँकी स्थानमा नयाँ ठेक्का लगाउनुपर्ने छ। यस आयोजनाअन्तर्गत (कागबेनी-कोरला) सडकखण्डसमेत कालोपत्र गर्ने अवस्था रहेमा आयोजनाका कुल लागत अनुमान १५ अर्ब बढी हुनसक्ने आयोजना प्रमुख शर्माको भनाइ छ। जसअन्तर्गत कोरला सडकखण्डको पूरै दुई सय दुई किमी डबल लेनमा सडक स्तरोन्नति गरी कालोपत्र गर्ने र आवश्यक पुल निर्माण गर्ने लक्ष्य रहेको आयोजना प्रमुख शर्माले बताउनुभयो। कोरला सडकका लागि चालु आव २०८२/८३ मा सडकतर्फ रु ६८ करोड १३ लाख विनियोजन भएको छ। आयोजनाले विनियोजित उक्त बजेटमध्ये प्रथम चौमासिकमा रु २३ करोड ७७ लाख अर्थात् ३४ दशमलव ८८ प्रतिशत बजेट खर्च गरेको छ। यसैगरी रणनीतिक सडक पुल निर्माण तथा पुलपुलेसा संरक्षणका लागि एक करोड ४५ लाख बजेट विनियोजन गरिएको छ। यस शीर्षकमा चालु वर्षको पहिलो चौमासिकसम्म कुनै वित्तिय भुक्तानी नभएको आयोजनाले जनाएको छ। त्यसैगरी, गत आवमा यस आयोजनाका लागि सुरुआती पुँजीगतर्फ ९२ करोड ४५ लाख विनियोजन भएको थियो। उक्त बजेट संशोधन भई रु ९३ करोड ८० लाख बजेट कायम भएको थियो। गत वर्ष कोरला सडकको वित्तिय प्रगति ९९ करोड ९६ लाख भएको थियोभने भौतिक प्रगति शतप्रतिशत भएको आयोजना प्रमुख शर्माको भनाइ छ। आयोजना अनुसार गतवर्ष १० किलोमिटर ग्राभेल सडक, ३० किलोमिटर कालोपत्र, एक सडक मर्मत तथा स्तरोन्नति र छवटा पक्की पुल सम्पन्न भएका आयोजना प्रमुख शर्माले उल्लेख गर्नुभयो। राष्ट्रिय गौरवको कोरला सडकका लागि आव २०७३/७४ मा रु ४५ करोड ९३ लाख, आव २०७४/७५ मा एक अर्ब ५१ करोड २८ लाख, आव २०७५/७६ मा रु एक अर्ब ३१ करोड, आव २०७६/७७ मा रु ९० करोड २५ लाख, आव २०७७/७८ मा रु ९३ करोड ४९ लाख, आव २०७८/७९ मा रु ८४ करोड ८६ लाख, आव २०७९/८० मा रु ५७ करोड एक लाख, आव २०८०/८१ मा ७२ करोड ७८ लाख र आव २०८१/८२ मा रु ९३ करोड ७७ लाख बजेट खर्च भएको आयोजनाको तथ्याङ्कमा उल्लेख छ। कोरला सडकअन्तर्गत मालढुङ्गा बेनी सडकखण्डमा दुई सय मिटर सडकमा पहिरो रोकथाम गर्नुपर्ने, मालढुङ्गा बेनी खण्डको नौ सय मिटर बेनीबजार क्षेत्रमा विवादको कारण सडक निर्माणमा बाधा पुगेको र त्यहाँ विवाद समाधान गरी सडक एलाइमेन्ट परिवर्तन गरी नयाँ ठेक्का खुल्नुपर्ने आवश्यकता रहेको आयोजनाले जनाएको छ। बेनीदेखि तातोपानी खण्डको चार किलोमिटर दूरीमा पहिरो रोकथामका लागि आवश्यक सडक स्थिरीकरण गरी दायाँ फुटपाथको कार्य गर्नुपर्ने देखिन्छ। यसैगरी म्याग्दीको तातोपानीदेखि जोमसोम खण्डको २.५ किलोमिटर क्षेत्रमा पहिरो रोकथामका लागि आवश्यक सडक स्थिरीकरण गर्दै दाया फुटपाथको काम गर्नुपर्ने चुनौती रहेको छ। बेनीदेखि जोमसोमसम्मको टुकुचे, भुरुङखोला र बोक्सी खोलामा दुईवटा गरी चार वटा थप पुल निर्माण गर्नुपर्नेछ। यहाँको जोमसोम-कोरला सडकअन्तर्गत छुसाङदेखि घमीसम्म ४० किलोमिटरको वातावरण प्रभाव मूल्याङ्कन इआइए तथा डिपिआर भइसकेको र त्यसका लागि कालोपत्र गर्न रु दुई अर्ब चार करोड लागतमा बहुवर्षीय ठेक्का लगाउनुपर्ने देखिएको छ। घमीदखि कोरला ५० किलोमिटर सडकको इआइए र सडक डिपिआर भइसकेकाले रु तीन अर्ब लागतको बहुवर्षीय ठेक्का व्यवस्थापन गर्नुपर्ने आयोजनाले जनाएको छ।

# युआरएल हस्पिटलचोकमा शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर




गण्डकी प्रदेशको पहिलो रेफरेन्स ल्याब युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल)ले आफ्नो १२ औं वार्षिकोत्सवको अवसरमा शनिबार युआरएल हस्पिटलचोकमा निशुल्क शिविर आयोजना गरिएको छ। शिविर २ सय पाँच जनाले ल्याब र ५२ जनाले दन्त परीक्षण सेवा लिएका छन्।

युआरएलका मार्केटिङ डाइरेक्टर मणि न्यौपानेले सहभागीहरुकोथाइराइड रमधुमेहका जाँच सित्तैमा गरिएको बताए। २०७० साल मंसिर २३ गते स्थापना भएको युआरएलले मंसिर १५ देखि मंसिरभर विभिन्न सेवामा विशेष छुटसमेत दिइरहेको छ। युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थले वार्षिकोत्सवको उपलक्ष्यमा स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गराउँदै गुणस्तरीय सेवा सर्वसाधारण दिन कार्यक्रम गरिएको जनाए। युआरएलले स्थापना कालदेखि नै आफैं र विभिन्न संघ, संस्थासँगको सहकार्यमा निशुल्क शिविरहरु आयोजना गर्दै आएको छ। हालसम्म भएका २१२ शिविरमा २ लाख १५ हजारले सित्तैमा सेवा पाएका छन्। कार्यक्रममा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका कन्सल्टेन्ट फिजिसियन डा कृष्णराज अधिकारीले कसरत नगर्ने तथा अस्वस्थ खानपानले (मधुमेह) सुगर हुने जोखिम बढाउने बताए।

थाइराइडका कारण महिनावारी गढबढ हुने, मोटोपना बढ्ने जस्ता समस्या देखिने उनको भनाइ छ। डा अधिकारीले वंशानुगत कारणले मधुमेह हुन सक्ने उल्लेख गर्दै नियमित व्यायाम, सन्तुलित आहार र स्वस्थ जीवनशैली अपनाएमा यस्ता रोगबाट बच्न सकिने स्पष्ट पारे। 'सुगरले आँखा दाँतमा यौन दुर्वलता हुनेसमेत अध्ययनले देखाएको छ। कम्तीमा वर्षमा १ पटक पूर्ण शरीर जाँच गर्नुपर्छ यसले रोग प्रारम्भिक चरणमै पत्ता लगाउन र समयमै उपचार गर्न सहयोग पुग्नेछ,' उनले भने। यसैगरी कपडा व्यवसायी एसोसिएसन कास्कीमा आवद्ध व्यवसायीले पोखरा ८, न्युरोडमा रहेको युआरएलको प्रधान कार्यालय र यसका शाखाहरुबाट ३० प्रतिशत छुट पाउने भएका छन्।

संस्थामा आवद्ध कपडा व्यवसायी र उनीहरुका अश्रित (आमाबुवा, छोराछोरी, श्रीमानश्रीमती र सासुससुरा)लाई स्वास्थ्य जाँच अन्तर्गत ल्याब परीक्षणमा यो सुविधा प्राप्त हुनेछ। यो सम्झौता पुस १ गतेदेखि २०८५ मंसिर मसान्त अर्थात ३ वर्ष सम्म हुनेछ। आइतबार युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थ र एसोसियसनका अध्यक्ष लेखनाथ पौडेलले हस्ताक्षर गरेका छन्।

# चित्रकला प्रतियोगितामा न्यू मिलेनियम स्कुलकी समृद्धा जंग गोदार प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर



अन्तर बिद्यालय स्तरिय खुल्ला चित्रकला प्रतियोगितामा न्यू मिलेनियम स्कुलकी समृद्धा जंग गोदार प्रथम हुनु भएको छ।

ड्यामसाइड क्लबको आयोजनामा आइतबार पोखराको माछापुच्छ्रे प्रतिबिम्ब पार्क (ड्यामसाइड) मा सम्पन्न चित्रकला प्रतियोगितामा कक्षा १० की गोदारले उत्कृष्ट चित्र कोर्दै प्रथम स्थान हासिल गर्न सफल हुनु भएको हो।

त्यस्तै एक्स-आर्मी स्कुल कक्षा ८ का शिसम श्रेष्ठले दोस्रो स्थान हासिल गर्नु भयो भने हार्वर्ड एकेडेमीका कक्षा १० का तेजस सुनारले तेश्रो स्थान हासिल गर्नु भयो। प्रतियोगितामा बालोदय सेकेन्डरी स्कुलकी कक्षा ८ की एनी राना र वेस्ट पोइन्ट चिल्ड्रेन एकेडेमीका कक्षा ९ का प्रिन्स रानाभाटले संयुक्त रूपमा शान्त्वना स्थान हासिल गर्नु भयो। प्रतियोगिताका प्रथम हुनेलाई ५ हजार, दोश्रो हुनेलाई ३ हजार ५ सय, तेश्रो हुनेलाई २ हजार ५ सय र शान्त्वना हुनेलाई जनही एक/एक हजार साथमा प्रमाण–पत्र वितरण गरिएको थियो। बिजयी प्रतियोगिहरुलाई कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ चित्रकार यादव चन्द्र भुर्तेल, सल्लाहकार केशवराज बराल, गोकुल सापकोटा लगायतले पुरस्कार वितरण गर्नु भएको थियो। प्रतियोगिताको प्रमुख निर्णायकमा विशेश्वर पराजुली, निर्णायक होग्रेथ भुर्तेल र अनुसुया बराल रहनु भएको थियो। क्लबले प्रतियोगिता मार्फत विद्यार्थीहरूको सिर्जनशीलता र कलात्मक क्षमतालाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त प्रतियोगिता आयोजना गरेको क्लवका अध्यक्ष रमेश प्रसाद बरालले बताउनु भयो।

प्रतियोगितामा विभिन्न १३ बिद्यालयका करिब २० जना प्रतियोगिहरु सहभागि भएको क्लवले जनाएको छ। निर्णायक र बिद्यार्थीहरुले कोरेका चित्रहरु एक आपसमा साटसाट समेत गरिएको सचिव प्रवेन्द्र थापाले बताउनु भयो। उक्त प्रतियोगिताको लागि ग्रेस इन्टरनेश्नल प्रा.लि.ले नगद १० हजार सहयोग रुपैया सहयोग गर्दै आएको छ।

# जनप्रकाश मावि हिमालय क्रिकेट एकेडेमी कपको सेमिफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर




जनप्रकाश मावि पोखरा क्रिकेट मैदानमा जारी हिमालय क्रिकेट एकेडेमी कप २०८२ यु-१६ अन्तर विद्यालय पुरुष टि-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

आइतबार सम्पन्न खेलमा लेभिनलाई ८ विकेटले पराजित गर्दै जनप्रकाश प्रतियोगिताको सेमि फाइनलमा प्रवश गरेको हो। आइतबार सम्पन्न हिमालयन बोर्डिङ स्कुल र रत्नज्योति सेकेण्डरी स्कुल बिचको पहिलो खेलमा रत्नज्योतिले टस जितेर फिल्डिङ लिदै हिमालयन सेकेण्डरी बोर्डिङ स्कुलले १८.३ ओभरमा १० विकेटको नोक्सानीमा १०६ रन बनाउन सफल भयो। जसमा शिवम श्रेष्ठले २२ बल खेल्दै १२ रन, सन्दिप नेपालीले १२ बल खेल्दै १५ रन र अमित केसीले २ ९ बल खेल्दै १२ रन नट आउट रहन सफल भए। रत्नज्योतिका बलर प्रमिश गुरुङले ४ ओभरमा १६ रन दिदै ५ विकेट लिन सफल भए। त्यस्तै जवाफी ब्याटिङमा उत्रेको रत्नज्योतिले १४.४ ओभरमा १० विकेटको नोक्सानीमा ८१ रन बनाउन सफल भए। रत्नज्योतिका ब्याटर सुजल शाहले २८ बल खेल्दै २० रन बनाउन सफल भए। कृतन श्रेष्ठले २६ बल खेल्दै ११ रन बनाउन सफल भए।

हिमालयनका बलर शिवम श्रेष्ठले ४ ओभरमा १९ रन दिदै ३ विकेट लिएभने आयुष पनेरुले २.४ ओभरमा १ मेडेन राख्दै ६ रन दिएर ३ विकेट लिन सफल भए। हिमालयनले २५ रनले उक्त म्याच जित्न सफल भयो। खेलको प्लेयर अफ दी म्याच रत्नज्योतिका प्रमेश गुरुङ घोषित भए। जनप्रकाश र लेभिन बिचको दोश्रो खेलमा जनप्रकाशले टस जितेर लेभिन रेसिडेन्टल सेकेण्डरीलाई ब्याटिङको निम्तो दिए। जसमा १८.२ ओभरमा १० विकेटको नोक्सानीमा ५८ रन बनाउन सफल भए। जसमा सुकृत रानाभाटले १२ बलमा ९ रन बनाएभने प्रज्वल गुरुङले १० बलमा ८ रन बनाउन सफल भए। त्यसैगरी बलिङमा जनप्रकाशका बलर हिमाल आचार्य ४ ओभरमा ११ रन दिएर २ विकेट लिन सफल भए। त्यसैगरी संसार दर्जीले ४ ओभरमा ९ रन दिदै २ विकेट लिन सफल भए। त्यसैगरी जवाफी ब्याटिङमा उत्रेको जनप्रकाश माविले ५.१ ओभरमा २ विकेटको नोक्सानीमा ५९ रन बनाउन सफल भए। जनप्रकाशका अभिषेक कुमाल २१ बलमा ३५ रन र संसार दर्जीले ७ बलमा १३ रन नट आउट रहन सफल भए।

त्यसैगरी लेभिनका बलर आरभ मानन्धरले २ ओभरमा २४ रन खर्चेर १ विकेट लिन सफल भए। जनप्रकाशले उक्त खेल ८ विकेटले जित्न सफल भयो। उक्त खेलको म्यान अफ दी म्याच जनप्रकाका संसार दर्जी घोषित भए। प्रतियोगितामा भोलि पहिलो खेल प्रतिभा सेकेण्डरी स्कुल र नविन सेकेण्डरी स्कुल र दोश्रो खेल हिमालयन सेकेण्डरी र कुमुदिनी होम्स बिच हुनेछ।

# स्पेनमा क्योकुशिन कान कराँतेमा असोक लामा रुम्बा पुन: प्रमुख रेफ्री

**पोखरापत्र संवाददाता**
पोखरा, २८ मंसिर




युरोपेली मुलुक स्पेनमा सम्पन्न ११ औँ निन्टाइन कप क्योकुशिन कान कराँते प्रतियोगिता २०२५ मा नेपाली क्योकुशिन कान कराँतेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्यातिप्राप्त प्रशिक्षक एवं रेफ्री असोक लामा रुम्बाले पुनः प्रमुख रेफ्रीको जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्नुभएको छ।

यही डिसेम्बर १२ र १३ (मंसिर २६ र २७) मा आयोजित उक्त प्रतियोगितामा स्पेन, जापान, कोरिया लगायत १८ देशका खेलाडीहरूको सहभागिता रहेको थियो। यति ठूलो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली रेफ्रीलाई प्रमुख रेफ्रीको जिम्मेवारी दिइनु नेपाली खेलकुदका लागि गौरवको विषय भएको रुम्बाले बताउनुभयो।

विदेशी भूमिमा रहेर पनि खेलका नियम र मर्यादाभित्र रहेर निष्पक्ष रूपमा रेफ्रीको भूमिका निर्वाह गर्दै नेपाली नाम अन्तर्राष्ट्रिय मञ्चमा उच्च राख्न पाएकोमा आफूलाई गर्व लागेको उहाँको भनाइ छ। "१८ देशका खेलाडी सहभागी प्रतियोगितामा प्रमुख रेफ्रीको जिम्मेवारी पाउनु सम्पूर्ण नेपालीका लागि खुशीको कुरा हो," रुम्बाले भन्नुभयो।

यसअघि पनि रुम्बाले गत वर्ष सोही प्रतियोगिताको १०औँ संस्करणमा प्रमुख रेफ्रीको भूमिका निर्वाह गर्दै नेपालको खेलकुद इतिहासमा नयाँ उपलब्धि थप्नुभएको थियो। नेपाल शिन क्योकुशिन कराँतेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षक समेत रहनुभएका रुम्बाले आफ्नो कुशलता, अनुशासन र मेहनतका कारण अन्तर्राष्ट्रिय मञ्चमा निरन्तर विश्वास जित्दै आउनुभएको छ। रेफ्रीका रूपमा रुम्बाको निष्पक्ष र प्रभावकारी प्रदर्शनले आयोजक समिति तथा दर्शकहरूको प्रशंसा गर्नु भएको थियो। सोही कारण आयोजकले यस वर्ष पनि उहाँलाई प्रमुख रेफ्रीको जिम्मेवारी सुम्पिएको जनाइएको छ।

# मुटुरोग उपचार शिविरमा साढे चार सयको नि:शुल्क परीक्षण

**पोखरापत्र संवाददाता**
पर्वत, २८ मंसिर

जिल्लाको कुश्मा नगरपालिका-१२ ठुलीपोखरीमा शनिबार सञ्चालित एकदिने मुटुरोग परीक्षण शिविरमा साढे चार सय जनाको परीक्षण गरिएको छ।

कुश्मा आधारभूत अस्पताल ठुलीपोखरीको आयोजना र सेभ द हार्ट तथा नेपाल कार्डियोको प्राविधिक सहयोगमा सम्पन्न शिविरमा चार सय ५० जनाभन्दा बढीले परीक्षण गराएका हुन्। परीक्षण गरिएकामध्ये पाँच जनामा जटिल समस्या देखिएकाले शल्यक्रियाका लागि काठमाडौँ रेफर गरिएको कुश्मा नगरपालिका-१२ वडाध्यक्ष झलक रिमालले जानकारी दिनुभयो।

आर्थिक अभावका कारण मुटुसम्बन्धी समस्या बल्झाएर बसेका ग्रामीण नागरिकको समस्यालाई मध्यनजर गर्दै शिविर आयोजना गरिएको शिविरमा कुश्मा, फलेवास नगरपालिका, मोदी गाउँपालिका र छिमकी जिल्ला स्याङ्जाका बिरामीसमेत सहभागी भएका थिए। शिविरमा वरिष्ठ मुटुरोग विशेषज्ञ डा अनिल भट्टराईको नेतृत्वमा डा सुमन अधिकारी, डा सुतप यादव, बोधराज गौतमलगायतको टोलीले उपचार गरेको थियो। बिरामीलाई मुटुरोगसम्बन्धी परामर्श र परीक्षण, नि:शुल्क इसिजी, इको कार्डियोग्राफी र औषधिसमेत वितरण गरिएको थियो।

लाखौँ रुपैयाँ खर्च गरेर उपचार गर्नुपर्ने बिरामीले नि:शुल्क सेवा पाउँदा ठूलो राहत मिलेको स्थानीय रमेश पौडेलले बताउनुभयो। शिविरमा विशेषगरी विपन्न, दलित तथा वृद्धवृद्धा लाभान्वित भएका उहाँले बताउनुभयो।

HIMALAYANLIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Pli 1610012839 | सविना सुवेदी पौडेल | आँधीखोला-५, स्याङजा |
| २ | Gli 0230015801 | अशोक बहादुर खत्री | पोखरा-२१, कास्की |